**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# समकालीन नेपाली बालकथामा पात्र प्रयोग

**केशव भुसाल, पि.एचडी.**

उपप्राध्यापक

नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, नेपाल

---

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Keshab Bhusal, keshabhusal.tu@gmail.com
Orcid: https://orcid.org/0009-0005-0189-9497
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80119

---

## लेखसार

प्रस्तुत लेख समकालीन नेपाली बालकथामा केन्द्रित रहेको छ । यस लेखमा समकालीन नेपाली बालकथामा प्रयोग गरिएका पात्रहरूको विश्लेषण गरिएको छ । यस अध्ययनको मूलभूत उद्देश्य समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूको प्रकृति तथा भूमिका विश्लेषण गर्नु रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनमा मुख्यतया द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । यस क्रममा नेपाली तथा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको प्रयोग गरिएको छ । कुल पाँच ओटा कथाको अध्ययन गरिएको यस अनुसन्धानबाट पात्र प्रकृतिका दृष्टिले ईर्श्या, द्वेश र क्रोधमाथि विजय र ढोकैमा भूत कथामा मानवीय पात्रको प्रयोग गरिएको, सेती बाखी, डल्फिनको गीत, हेर्दै, खेल्दै र सिक्दै कथामा मानवीय मानवेतर पात्रको प्रयोग गरिएको, भूमिकाका दृष्टिले निर्दिष्ट सबै कथामा मूल र सहायक पात्रको प्रयोग गरिएको, प्रयुक्त पात्रहरूको प्रवृत्तिका दृष्टिले ईर्श्या, द्वेश र क्रोधमाथि विजय, डल्फिनको गीत कथामा चेप्टा र गोला पात्रहरूको प्रयोग गरिएको, सेती बाखी, ढोकैमा भूत र हेर्दै, खेल्दै, सिक्दै कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनले समकालीन

नेपाली बालकथाका रचयिता, बालकथाको अध्ययन, अध्यापनमा संलग्न व्यक्ति तथा यस क्षेत्रमा रुचि राख्ने सबैका लागि आवश्यकीय सुझ प्रदान गर्ने अपेक्षा गरिएको छ ।

***मुख्य शब्दावली*** *:* बालसाहित्य, बालकथा, , पात्रप्रयोग, पात्र प्रकृति, पात्र *प्रवृत्ति ।*

## अध्ययनको पृष्ठभूमि

साहित्य मानव मनमा निहित भाव वा विचारलाई कलात्मक तरिकाले पस्कने कला हो । “साहित्य विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति, काल्पनिक, भावनात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै रचना हो” (प्र.ने.श. २०६३) । यसलाई कुनै भाषामा लेखिएका कृति, अभिलेख वा वाङ्मयका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । न्यौपाने (२०७०) का अनुसार साहित्यलाई बालसाहित्य, किशोरसाहित्य र प्रौढसाहित्यमा वर्गीकृत गरी साहित्य सिर्जन एवम् पठन कार्य गरिएको पाइन्छ ।

बालसाहित्य ‘बाल’ र ‘साहित्य’ शब्दको संयोजनबाट निर्मित शब्द हो । जसमध्ये ‘बाल’ को अर्थ बालबालिका र ‘साहित्य’ को अर्थ सिर्जनात्मक लेखन भन्ने हुन्छ । यस दृष्टिले बालबालिकाका लागि लेखिएको सिर्जनात्मक लेखनलाई बालसाहित्य भनिन्छ । पराजुली (२०६८) का अनुसार बालबालिकालार्य हाँसाउँदै, रमाउँदै, खेलाउँदै अप्रत्यक्ष रूपमा नैतिकताको पाठ पढाउने साहित्यलाई बालसाहित्यका भन्न सकिन्छ । बालसाहित्यको रचना बालबालिकालाई प्रभाव पार्ने गरी निश्चित शैलीशिल्पका साथ गरिएको हुन्छ । बालबालिकाका लागि लेखिने साहित्यमा बाल मानसिकता, बाल बौद्धिकता तथा बाल विकासमा ध्यान दिने गरिन्छ । बालबालिकाको कलिलो उमेर एवम् मष्तिस्कमा साहित्य, ज्ञान, विज्ञान तथा प्रविधिसम्बन्धी क्षमता विस्तार गर्दै राष्ट्र, राष्ट्रियता तथा मानवताका विषय एवम् भावनालाई विशिष्ट ढङ्गले जागृत गराउने हेतु बालसाहित्यमा रहन्छ । यस्तो साहित्यमा बालबोध्य भाषाशैली तथा आदर्शयुक्त नैतिक भाव प्रबर्धन गर्ने ध्येय राखिएको हुन्छ । मूलतः बालसाहित्य बालबालिकाकै लागि लेखिने भएकाले विषय, भाषा, शैली तथा प्रस्तुतिमा बालसुलभता हुनु आवश्यक हुन्छ । प्रधान (२०६९) का अनुसार बालसाहित्य बालककै निम्ति लेखिने हुँदा विषय चयन, भाषिक स्तर र शैलीगत रोचकतामा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । यी मूलभूत आधारहरू एक किसिमले बासाहित्य रचयिताका निम्ति आचारसंहिता नै हुन् । यसअनिरिक्त बालसाहित्यिक रचनाको प्रयोजनलाई पनि निकै महत्त्वपूर्ण मान्ने गरिन्छ ।

बालसाहित्यअन्तर्गत बालबालिकाका लागि लेखिएका बालकथा, बालकविता, बालउपन्यास, बालोपयोगी जीवनी आदि पर्दछन् । जसमध्येको एक प्रमुख विधा बालकथा हो । बालकथा

बालबालिकाका लागि लेखिएको गद्य आख्यानात्मक रचना हो । यसलाई बालसाहित्यको महत्त्वपूर्ण विधाका रूपमा लिइन्छ । बालकथामा बालबालिकाको रुचिअनुसारका विषयवस्तु, पात्र प्रयोग, भाषाशैली, परिवेश आदिको उपयुक्त प्रयोग गरिएको हुनुपर्ने मानिन्छ ।

बालकथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको हुन्छ । कथामा प्रयोग गरिएका पात्रहरूले अलग, अलग भूमिका निर्वाह गरी कथालाई पूर्ण तुल्याएका हुन्छन् । कथामा प्रयुक्त पात्र र तिनको भूमिका अध्ययनका दृष्टिले नेपाली बालकथाहरूको कमै मात्रामा अध्ययन, अनुसन्धान गरिएको पाइन्छ । यसलाई दृष्टिगत गरी प्रस्तुत अध्ययनमा समकालीन नेपाली बालकथामा प्रयोग गरिएका पात्रहरूको अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूको अध्ययन रहेको छ । यसका विशिष्ट उद्देश्यका रूपमा समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रको प्रकृति, प्रवृत्ति र भूमिका विश्लेषण गर्नु रहेका छन् ।

## सैद्धान्तिक आधार

कथाका पात्रहरूको वर्गीकरण र भूमिका सम्बन्धमा विभिन्न विद्वान्हरूले धारणा प्रस्तुत गरेको पाइन्छ ।  भण्डारी र अन्य (२०६५) का अनुसार कथाका पात्रहरूलाई स्वभाव, लिङ्ग, कार्य, प्रवृत्ति, वर्ग, आसन्नता, र आबद्धताका आधारमा वर्गीकरण गर्न सकिन्छ । यी विभिन्न आधारमध्ये स्वाभावका आधारमा कथाका पात्रलाई स्थिर र गतिशील वा चेप्टा र गोला गरी दुई प्रकारमा, लिङ्गका आधारमा पुरुष र स्त्री वर्गमा, कार्यका आधारमा प्रमुख, सहायक र गौण प्रकारमा, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल वर्गमा, वर्गीय आधारमा उच्च, मध्य र निम्न प्रकारमा, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य स्वरूपमा, आबद्धताका आधारमा बद्ध र मुक्त वर्गमा वर्गीकरण गर्न सकिन्छ । लम्साल र अन्य (२०७०), अधिकारी र गौतम (२०७५), शर्मा २०७९) लगायतका विद्वान्हरूले पनि कथाका पात्रहरूलाई स्वभाव, कार्य, वर्ग, आसन्नता, आबद्धतालगायतका आधारमा वर्गीकरण गरेको पाइन्छ ।  कथामा प्रयुक्त पात्रहरूमध्ये कथाको प्रारम्भदेखि अन्त्यसम्म एउटै स्थितिमा रही स्वभाव परिवर्तन नगर्ने पात्रलाई स्थिर पात्र र कथाको कार्यव्यापारबाट प्रभावित भई स्वभाव परिवर्तन गरी आफ्नै सोचअनुसार अगाडि बढ्ने पात्रलाई गतिशील पात्र भनिन्छ । कथामा पुरूष पात्रको भूमिकामा रहने पात्रलाई पुरुष र स्त्री पात्रको भूमिकामा रहने पात्रहरूलाई स्त्री पात्र भनिन्छ । कथामा उपस्थित भई केन्द्रीय भूमिका निर्वाह गरी

कथाको उद्देश्यलाई पूर्णता दिने पात्रलाई प्रमुख पात्र, प्रमुख पात्रको सहयोगी भएर कथामा कार्यव्यापारलाई सम्पन्न गर्ने पात्रलाई सहायक पात्र र कथामा कुनै उल्लेखनीय भूमिका निर्वाह नगर्ने पात्रहरूलाई गौण पात्र भनिन्छ । कथामा खराव चरित्रको रूपमा देखापर्ने पात्रलाई प्रतिकूल पात्र र सत् चरित्रको रूपमा देखापर्ने पात्रलाई अनुकूल पात्र भनिन्छ । । कथामा सामाजिक रूपमा भौतिक सुखसुविधाले पूर्ण अभिजात्य वर्गका चरित्रलाई उच्च पात्र, भौतिक रूपमा मध्य स्थिति रहेका पात्रहरूलाई मध्यम पात्र र सामाजिक रूपमा अत्यन्त निम्नस्तर जीवन बिताएका तथा ठुलाबडा भनाउँदाहरूबाट हेपिएका पात्रहरूलाई निम्न पात्र भनिन्छ । त्यसैगरी कथामा कुनै घटना वा कार्य व्यापारलाई प्रत्यक्ष रूपमा अगाडि बढाउने पात्रहरूलाई मञ्चीय पात्र र प्रत्यक्ष रूपमा सहभागी नबनाई अन्य पात्रहरूका माध्यमबाट सूक्ष्म रूपमा प्रस्तुत हुने पात्रहरूलाई नेपथ्य पात्र भनिन्छ । कथाको संरचनाबाट पात्रलाई हटाउँदा कथा अपूर्ण बन्न पुग्ने भूमिकामा रहेका पात्रहरूलाई बद्ध पात्र र कथाको संरचनाबाट हटाउँदा पनि कथा नखल्बलिने भूमिकामा रहेका पात्रलाई मुक्त पात्र भनिन्छ । बालकथामा प्रयुक्त भई भूमिका निर्वाह गर्ने यी विविध प्रकृतिका पात्रहरूले कथालाई पूर्ण तुल्याएका हुन्छन् । यस किसिमको सैद्धान्तिक अवधारणालाई अध्ययनीय प्रतिमानका रूपमा लिई प्रस्तुत अध्ययनमा वर्तमान बालकथामा उपस्थित भई भूमिका निर्वाह गरेका पात्र र तिनको प्रकृति विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा निम्नानुसारका विधि अवलम्बन गरिएको छ :

## अध्ययनीय दृष्टिकोण

अध्ययनीय दृष्टिकोणलाई अध्ययन, अनुसन्धानार्थ मार्गनिर्देश गर्ने तौरतरिकाका रूपमा लिइन्छ । डेन्जिन एन्ड लिङ्कन (सन् २००५) का अनुसार अध्ययनीय दृष्टिकोण सैद्धान्तिक कुरालाई प्रायोगिक जगत्सँग संयोजित तुल्याउने मार्गदर्शन हो । यस अध्ययनमा वास्तविकता अनुसन्धाताको ज्ञान निर्माणमा आधारित हुन्छ भन्ने मान्यतालाई अङ्गीकार गरिएको छ ।

## अध्ययन ढाँचा

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । यसमा समकालीन नेपाली बालकथाहरूको विश्लेषणार्थ गुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## अध्ययनीय विषय र नमुना छनोट

प्रस्तुत अध्ययनको मुख्य विषय समकालीन नेपाली बालकथा रहेको छ । यसमा नमुना छनोटका लागि सोद्देश्यमूलक नमुना छनोटको विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा दशकीय आधारमा पछिल्लो दशकलाई समकालीन समय मानी २०६७ देखि २०७७ सालसम्म प्रकाशित नेपाली बालकथासङ्ग्रहहरूबाट पाँच ओटा बालकथासङ्ग्रह लिइएको छ । जसअन्तर्गत रमेश विकलको मलाई पुस्तक मन पर्छ, भागीरथी श्रेष्ठको रिमोट कन्ट्रोल, शान्ति सापकोटाको नारायणीपारि, विनय कसजुको डल्फिनको गीत र विजयराज आचार्यको कुटी कथा सङ्गहको सुरुमा रहेका कथाहरूलाई छनोट गरिएको छ । यी कथा छनोटका क्रममा सम्बन्धित सङ्ग्रहका भूमिकामा उल्लिखित बालबालिकाको उमेर र लेखकीय विचारलाई आधार बनाइएको छ ।

## तथ्य विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनमा गुणात्मक विधिका आधारमा प्राप्त तथ्यको विश्लेषण गरिएको छ । यसमा सङ्कलन गरिएका सामग्रीहरूको विश्लेषणार्थ आगमन विधिको अवलम्बन गरिएको छ । यस क्रममा समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रको प्रकृति, प्रवृत्ति र भूमिकालाई अलगअलग तरिकाले विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

समकालीन नेपाली बालकथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । यस अध्ययनमा नमुनाका रूपमा छनोट गरिएका पाँच ओटा बालकथाहरूमा प्रयुक्त पात्रहरूको व्याख्या विश्लेषण निम्नानुसार गरिएको छ :

## ईर्ष्या, द्वेष र क्रोधमाथि विजय कथामा पात्र प्रयोग

कथाकार रमेश विकलद्वारा लिखित ईर्श्या, द्वेश र क्रोधमाथि विजय कथा वि. सं २०६९ मा प्रकाशित मलाई पुस्तक मन पर्छ बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा म पात्र, गुरु रामदासजी र दुष्ट मानिसलगायतका पात्रहरूको प्रयोग गरिएको छ ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले हेर्दा प्रस्तुत कथामा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । जसअन्तर्गत म पात्र, गुरु रामदासजी र दुष्ट मानिस रहेका छन् । यस कथामा विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रहरूको भने प्रयोग गरिएको छैन

प्रस्तुत कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको देखिन्छ । जसमध्ये गुरु रामदासजी र दुष्ट मानिस मूल पात्रका रूपमा देखिएका छन् भने म पात्र गौण पात्रका रूपमा देखिएको छ ।

परिवर्तनशीलताका दृष्टिले प्रस्तुत कथालाई हेर्दा यस कथामा चेप्टा र गोला दुबैखाले पात्रको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा सुरुदेखि अन्त्यसम्म गुरु रामदासजी विचार र व्यवहारले एकैनासका देखिएकाले उनी चेप्टो पात्रको भूमिकामा रहेका छन् भने रामदासजीलाई जथाभावी भन्दै हिँड्ने दुष्ट मानिस रामदासजीका कुराबाट प्रभावित भई कथाको उत्तरार्द्धमा परिवर्तित भएकाले गोलो चरित्रको भूमिकामा देखिएको छ ।

**सेती बाखी कथामा पात्र प्रयोग**

कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित सेती बाखी कथा वि. सं. २०७१ मा प्रकाशित रिमोट कन्ट्रोल बालकथासङ्ग्रहमा सङ्गृहीत कथा हो । यस कथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा प्रयुक्त पात्रहरूअन्तर्गत माया, मायाकी आमा, मायाका बुबा, पशु डाक्टर, बगरे, सेती बाखीलगायत रहेका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले हेर्दा प्रस्तुत कथामा मानवीय-मानवेतर पात्रको प्रयोग गरिएको छ । यस कथामा मानवीय पात्रका रूपमा माया, मायाकी आमा, मायाका बुबा, पशु डाक्टर र बगरेको प्रयोग गरिएको छ भने मानवेतर पात्रका रूपमा सेती बाखीको प्रयोग गरिएको छ । यसलाई नियाल्दा प्रस्तुत कथामा मानवेतरभन्दा मानवीय पात्रको अधिक प्रयोग देख्न सकिन्छ । यस कथामा अलौकिक क्षमतायुक्त, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रको भने प्रयोग गरिएको छैन ।

सेती बाखी कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको देखिन्छ । जसमध्ये माया र सेती बाखी मूल पात्रका रूपमा देखा परेका छन् भने मायाका आमाबुबा, पशु डाक्टर, बगरे लगायतका पात्र गौण पात्रका रूपमा देखिएका छन् ।

कथामा प्रयुक्त पात्रलाई परिवर्तनशीलताका दृष्टिले हेर्दा यस कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको देखिन्छ । गोला पात्रहरूको प्रयोग गरिएको छैन ।

**ढोकैमा भूत कथामा पात्र प्रयोग**

कथाकार शान्ति सापकोटाद्वारा लिखित ढोकैमा भूत कथा वि. सं. २०७३ मा प्रकाशित नारायणीपारि बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा विभिन्न किसिमका पात्रको प्रयोग गरिएको छ । जसअन्तर्गत सिमु, सिमुकी मम्मी, प्रहरी र रमेश अङ्कल लगायत रहेका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले प्रस्तुत कथामा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । जसअन्तर्गत सिमु, सिमुकी मम्मी, प्रहरी र रमेश अङ्कल रहेका छन् । प्रस्तुत कथामा विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रहरूको प्रयोग भने गरिएको छैन ।

ढोकैमा भूत कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको देखिन्छ । जसमध्ये सिमु मूल पात्रका रूपमा देखिएकी छ भने सिमुकी मम्मी, प्रहरी, रमेश अङ्कल सहायक वा गौण पात्रका रूपमा देखिएका छन् ।

परिवर्तनशीलताका दृष्टिले हेर्दा यस कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको देखिन्छ । गोला पात्रहरूको प्रयोग गरिएको छैन ।

**डल्फिनको गीत कथामा पात्र प्रयोग**

कथाकार विनय कसजुद्वारा लिखित डल्फिनको गीत कथा वि सं. २०७४ मा प्रकाशित डल्फिनको गीत बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा विभिन्न किसिमका पात्रको प्रयोग गरिएको छ । यस कथामा रमैया, रमैयाका आमाबुबा, डल्फिनलगायतका पात्रहरू प्रयोग गरिएका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले नियाल्दा प्रस्तुत कथामा मानवीय पात्रका रूपमा रमैया र रमैयाका आमाबुबाको प्रयोग गरिएको छ भने मानवेतर पात्रका रूपमा डल्फिनको प्रयोग गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त कतिपय पात्रहरू विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका रहेका छन् । यस किसिमको भूमिकामा रहेको पात्रका रूपमा डल्फिनलाई लिन सकिन्छ । डल्फिनले रमैयालाई पिठ्युमा राखेर बोक्ने गरेको, डल्फिनहरूको स्कुल रहेको, उक्त स्कुलमा रमैयालाई लग्ने गरेकोजस्ता सन्दर्भबाट यसको पुष्टि हुन्छ ।

डल्फिनको गीत कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्र र गौण पात्रको प्रयोग गरिएको छ । प्रस्तुत कथामा रमैया र डल्फिनलाई मूल

पात्रका रूपमा प्रयोग गरिएको छ भने रमैयाका आमाबुबा, रमैयाका साथीलगायतका पात्रलाई गौण पात्रका रूपमा प्रयोग गरिएको छ ।

परिवर्तनशीलताका दृष्टिले हेर्दा डल्फिनको गीत कथामा चेप्टा र गोला दुबैखाले पात्रको प्रयोग गरिएको छ । प्रस्तुत कथामा डल्फिनसँग खेल्न पाउँदा विद्यालय जान मन नगरेकी रमैया डल्फिनको सल्लाहबमोजिम विद्यालय जान मन गर्नु र जानुले उनको भूमिका गोलो पात्रका रूपमा देखिएको छ भने अन्य पात्रहरू आफ्नो विचार र व्यवहारमा अपरिवर्तनशील देखिएकाले तिनको भूमिका चेप्टो खालको रहेको छ ।

**हेर्दै, खेल्दै, सिक्दै कथामा पात्र प्रयोग**

कथाकार विजयराज आचार्यद्वारा लिखित हेर्दै, खेल्दै, सिक्दै कथा वि. सं. २०७७ मा प्रकाशित कुटी बालकथासङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको छ । जसअन्तर्गत सिएल सर, शर्मिला, रोशन, निर्मला, उमानन्द, धर्म डङ्गोल, प्राकृतिक विज्ञान सङ्ग्राहलयका स्टाफहरू, डिएम सर र परी लामालगायतका पात्रहरू देखा परेका छन् ।

मानवीय-मानवेतर पात्र प्रयोगका दृष्टिले हेर्दा हेर्दै, खेल्दै, सिक्दै कथामा मानवीय पात्रको अधिक प्रयोग गरिएको पाइन्छ । जसअन्तर्गत सिएल सर, शर्मिला, रोशन, निर्मला, उमानन्द, धर्म डङ्गोल, प्राकृतिक विज्ञान सङ्ग्राहलयका स्टाफहरू, डिएम सर र परी लामालगायतका पात्रहरू रहेका छन् भने मानवेतर पात्रको निकै कम प्रयोग गरिएको छ । जसअन्तर्गत बाँदरको प्रयोग गरिएको छ । प्रस्तुत कथामा विभिन्न क्षमता भएका, शक्तिशाली एवम् अतिरञ्जनापूर्ण कार्य गर्न सक्ने खालका पात्रहरूको प्रयोग गरिएको छैन।

हेर्दै, खेल्दै, सिक्दै कथामा प्रयोग भएका पात्रहरूलाई भूमिकाका आधारमा हेर्ने हो भने यस कथामा मूल पात्रका रूपमा सिएल सर देखिएका छन् भने सहायक पात्रका रूपमा उनका विद्यार्थी : शर्मिला, रोशन, निर्मला, उमानन्द, परी लामा तथा धर्म डङ्गोल, प्राकृतिक विज्ञान सङ्ग्राहलयका स्टाफहरू र डिएम् सर देखा परेका छन् ।

परिवर्तनशीलताका दृष्टिले हेर्दै, खेल्दै, सिक्दै कथालाई नियाल्दा यस कथामा चेप्टा पात्रहरूको प्रयोग गरिएको देखिन्छ ।

पात्र प्रयोगका दृष्टिले अध्ययन गरिएका समकालीन नेपाली बालकथाको समष्टिगत स्थितिलाई निम्नानुसारको तालिकामा देखाउन सकिन्छ :

*समकालीन नेपाली बालकथामा पात्र प्रयोग*

| कथा | पात्र प्रकृति | भूमिका | पात्र प्रवृत्ति |
|---|---|---|---|
| ईर्ष्या, द्वेष र क्रोधमाथि विजय | मानवीय | मूल-सहायक | चेप्टा-गोला |
| सेती बाख्री | मानवीय-मानवेतर | मूल-सहायक | चेप्टा |
| ढोकैमा भूत | मानवीय | मूल-सहायक | चेप्टा |
| डल्फिनको गीत | मानवीय-मानवेतर | मूल-सहायक | चेप्टा-गोला |
| हेर्दै, खेल्दै, सिक्दै | मानवीय-मानवेतर | मूल-सहायक | चेप्टा |

यसलाई दृष्टिगत गर्दा समकालीन नेपाली बालकथाहरूमा मानवीय, मानवेतर, मूल, सहायक, चेप्टा र गोला प्रकृतिका पात्रहरूको प्रयोग गरिएको देख्न सकिन्छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा उल्लिखित व्याख्या विश्लेषणका आधारमा विभिन्न निष्कर्ष निकालिएको छ । नेपाली बालसाहित्यका क्षेत्रमा कलम चलाइरहेका विद्वान्हरूका धारणालाई दृष्टिगत गरी हेर्दा प्रस्तुत अध्ययनमा प्रयुक्त समकालीनता शब्दले वर्तमान समयमा चलिरहेको अवधिलाई जनाउँछ । जसको अवधि एक दशकको हुने मानिएको छ । नेपाली बाल साहित्यअन्तर्गत पर्ने बालकथामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । नेपाली बालकथामा प्रयोग गरिएका पात्रहरूलाई हेर्दा कतिपय पात्रहरू मानवीय त कतिपय पात्रहरू मानवेतर प्रकृतिका देखिएका छन् । पात्रका यी दुई प्रकृतिमध्ये मानवेतर पात्रका तुलनामा मानवीय पात्रहरूको प्रयोग अधिक रहेको देख्न सकिन्छ । नेपाली बालकथाहरूमा प्रयुक्त पात्रहरूलाई भूमिकाका दृष्टिले हेर्ने हो भने बालकथाहरूमा मूल र सहायक पात्रको प्रयोग गरिएको देख्न सकिन्छ । जसमध्ये मूल पात्रले कथाको विषयवस्तुलाई मुख्य रूपमा अगाडि बढाएको देखिन्छ भने सहायक पात्रहरूले त्यस कार्यमा सहयोग पुऱ्याएको देख्न सकिन्छ । त्यसैगरी समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूलाई पात्र प्रवृत्तिका दृष्टिले अवेक्षण गर्दा बालकथाहरूमा चेप्टा र गोला पात्रहरूको प्रयोग गरिएको पाइन्छ । जसमध्ये चेप्टा पात्रहरूले कथामा आई अपरिवर्तनशील वा स्थिर स्वभाव देखाएका छन् भने गोला पात्रहरूले कथामा परिवर्तनशील वा अस्थिर स्वभाव देखाएका छन् । यस आधारमा समकालीन नेपाली बालकथामा प्रयुक्त पात्रहरूको स्थिति बालआख्यानको सैद्धान्तिक मान्यता एवम् मर्मसँग मिल्दो देख्न सकिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, गणेशराज र गौतम, बासुदेव (२०७५), नेपाली कथा र उपन्यास, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रिविशाल (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

आचार्य, विजयराज (२०७७), *कुटी,* काठमाडौं : विवेक सिर्जनशील पब्लिकेसन प्रा. लि. ।

कसजू, विनय (२०७४), *डल्फिनको गीत,* काठमाडौं : विवेक सिर्जनशील पब्लिकेसन प्रा. लि. ।

डेन्जिन, के. एन. एम. र लिङ्कन, एस. आइ. (सन् २००५), *द सेज हेन्डबुक अफ क्वालिटेटिभ रिसर्च,* लन्डन : सेज पब्लिकेसन ।

न्यौपाने, छायादत्त (२०७०), बालसाहित्यको परिचय र नेपाली परम्परा, *नवप्रज्ञापन बालसाहित्य विशेषाङ्क,* काठमाडौं ।

पराजुली, रञ्जुश्री (२०६८), *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

प्रधान, प्रमोद (२०६९), *नेपाली बालसाहित्यको इतिहास,* काठमाडौंः विवेक सिर्जनशील प्रकाशन

बन्धु, चूडामणि (सन् २००७), नेपाली बालसाहित्य प्रकाशनको सय वर्ष, *नेपाली बालसाहित्यको सय वर्ष,* काठमाडौं : नेपाली बालसाहित्य समाज ।

भण्डारी, पारसमणि र अन्य (२०६५), नेपाली गद्य र नाटक, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विकल, रमेश (२०६९), *मलाई पुस्तक मन पर्छ,* काठमाडौं : बुक प्यालेस ।

शर्मा, मोहनराज (२०७९), शैलीविज्ञान, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, तेजप्रकाश (२०७०), नेपाली बालकथाको विकासक्रम, *नवप्रज्ञापन,* काठमाडौं : नवराज रिजाल ।

श्रेष्ठ, भागीरथी (२०७१), *रिमोट कन्ट्रोल* काडमाडौं : बालसंसार प्रा. लि. ।

सापकोटा, शान्ति (२०७३), *नारायणीपारि,* काठमाडौं : विवेश सिर्जनशील प्रकाशन प्रा. लि.

सिग्देल, सोमनाथ शर्म्मा (२०१५), *साहित्य प्रदीप,* काठमाडौंः नेपाल एकेडेमी